# स्थानीय राजपत्र


गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड ३ | संख्या ३ | मितिः २०७६/०६/१३ |
|---|---|---|


## भाग - २

## गोलन्जोर गाउँपालिका

## सूचना

**सम्वत् २०७६ सालको कार्यविधि संख्या ३**

# गोलन्जोर गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा करारमा शिक्षक/कर्मचारी व्यवस्थापन तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७६

गोलन्जोर गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा गाउँपालिकाको अनुदानबाट शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराई शिक्षकको कमी रहेका विद्यालयहरुमा अध्ययनरत वालवालिकाहरुलाई शिक्षण सिकाईमा सहयोग पुऱ्याउन करारमा

शिक्षक छनौट तथा नेपाल सरकारको स्रोतबाट तलव भत्ता खाने गरी नियुक्त शिक्षक कर्मचारीलाई प्रोत्साहन गरी गुणस्तरीय शिक्षाको प्रत्याभुतिको लागि सहजीकरण गर्ने उदेश्यले नेपालको संविधान (२०७२) को धारा २२१, अनुसूचि ८ को स्थानीय तहको एकल अधिकार सूचिमा रहेको आधारभूत र माध्यमिक शिक्षा को अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ तथा गोलन्जोर गाउँपालिका शिक्षा ऐन २०७४ को दफा ६२ बमोजिम गोलन्जोर गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :-

(क) यस कार्यविधिको नाम गोलन्जोर गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा करारमा शिक्षक/कर्मचारी व्यवस्थापन तथा प्रोत्साहन सम्बन्धी कार्यविधि २०७६ रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकावाट निर्णय भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कर्मचारी" भन्नाले विद्यालयमा नियुक्त विद्यालय सहयोगी र लेखा सम्बन्धी काम हेर्नका लागि नियुक्त विद्यालय सहायक समेत भन्ने सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले गोलन्जोर गाउँपालिकाको पाचौं गाउँसभावाट विनियोजित वजेटको आधारमा सामुदायिक विद्यालयहरुमा उपलब्ध गराइएको शिक्षक तथा सहयोगी कार्यकर्ता व्यवस्थापन अनुदानबाट करारमा शिक्षक तथा सहयोगी कार्यकता व्यवस्थापन र नेपाल सरकारबाट तलव तथा अन्य सुविधा प्राप्त गर्ने गरी नियुक्त शिक्षक तथा कर्मचारी प्रोत्साहन सम्बन्धमा बनेको गोलन्जोर गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा करारमा शिक्षक/कर्मचारी व्यवस्थापन तथा प्रोत्साहन सम्बन्धी कार्यविधि २०७६ भन्ने सम्झनु पर्दछ।

(ग) "गाउँ शिक्षा अधिकारी" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) "गाउँ शिक्षा समिति" भन्नाले गोलन्जोर गाउँपालिका शिक्षा नियमावलीको नियम २४ को उपनियम १ अनुसार गठित गाउँ शिक्षा समिति भन्ने सम्झनु पर्दछ ।

(ङ) "छनौट समिति" भन्नाले गोलन्जोर गाउँपालिका शिक्षा नियमावलीको नियम ५४ अनुसार गठित समिति भन्ने सम्झनु पर्दछ ।

(च) "प्र.अ." भन्नाले विद्यालयको प्रमुखको भूमिका निर्वाह गर्न तोकिएको शिक्षकलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐन २०२८(संशोधन समेतको दफा १२ वा गोलन्जोर गाउँपालिका शिक्षा नियमावली २०७४ को नियम २६ क. बमोजिम गठित विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ ।

(झ) "विषय विज्ञ" भन्नाले सामुदायिक विद्यालयमा रिक्त रहेका शिक्षक कर्मचारीको अस्थायी/करारमा नियुक्ति गर्ने प्रयोजनको लागि गाउँ शिक्षा समितिको वैठकको निर्णयवाट गाउँपालिकावाट आह्वन गरिए बमोजिम दरखास्त दिई सूचिकृत भएका विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरु भन्ने सम्झनु पर्दछ ।

(ञ) "शिक्षक" भन्नाले कक्षा पूर्व प्राथमिक देखि कक्षा १२ सम्म अध्ययनरत बालबालिकाहरुलाई पठनपाठन गराउन नियुक्त शिक्षक भन्ने सम्झनु पर्दछ । सो शब्दले बाल विकास कक्षामा अध्ययनरत बालबालिकाहरुलाई पठनपाठन गराउन नियुक्त बाल विकास केन्द्र सहयोगी कार्यकर्ता र पढाइ शिविरका सहजकर्तालाई समेतलाई बुझाउने छ ।

(ट) "शिक्षा शाखा" भन्नाले गाउँपालिका भित्रको शिक्षा हेर्ने इकाई सम्झनु पर्दछ।

(ठ) "स्थानीय" भन्नाले विद्यालय रहेको वडामा स्थायी ठेगाना उल्लेख भएको व्यक्ति भन्ने सम्झनु पर्दछ।

(ड) "पढाइ शिविर" भन्नाले गाउँपालिकाको निर्णय बमोजिम शनिवार मात्र ९० मिनेटको कक्षा सञ्चालन भएका कक्षाहरुलाई सम्झनु पर्दछ।

३. **छनौट सम्बन्धी मापदण्ड :-**

(क) गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुवाट गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमका विद्यालयहरुबाट विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षक नियुक्तिको अनुमति माग गरी गाउँपालिकामा पत्र प्राप्त भएपछि यस कार्यविधि, गोलन्जोर गाउँपालिका शिक्षा नियमावली २०७४ को नियम ५४ र ५५ अधीनमा रही छनौट समितिवाट शिक्षक छनौट गरी करारमा नियुक्तिको लागि विद्यालयलाई अनुमति प्रदान गरिने छ।

(ख) आधारभूत(साविक निम्न माध्यमिक) तथा माध्यमिक विद्यालयहरुलाई उपलब्ध गराइएको अनुदान रकमबाट विद्यालयमा सम्बन्धित तहको शिक्षक नरहेको विषयमा विज्ञान, गणित, अंग्रेजी, नेपाली, सामाजिक विषयको क्रमशः प्राथमिकतामा र सो विषयका सम्बन्धित तहका शिक्षक उपलब्ध भइसकेको भए अन्य विषयको शिक्षक राख्नका लागि विद्यालय व्यवस्थापन समितिको निर्णयसहितको विद्यालयको अनुरोधमा शिक्षा शाखाले आबश्यकता हेरी शिक्षक राख्ने अनुमति प्रदान गर्ने। प्राथमिक तह र पूर्व प्राथमिक तहको हकमा विद्यालय व्यवस्थापन समितिको निर्णयसहितको विद्यालयको अनुरोधमा शिक्षा शाखाले शिक्षक नियुक्तिको अनुमति प्रदान गर्ने।

(ग) प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको शिक्षक पदको उम्मेदवार हुन नेपाल सरकारको प्रचलित कानुन बमोजिमको न्यूनतम योग्यता प्राप्त भई नियमानुसार अध्यापन अनुमति पत्र प्राप्त हुनुपर्ने छ।

(घ) अनुदान उपलब्ध भएको विद्यालयले आवश्यक न्यूनतम योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी गाउँपालिकाको सूचना पाटी, वडा कार्यालय, सम्बन्धीत विद्यालयको सूचना पाटीमा तथा अन्य कुनै सार्वजनिक स्थलमा कम्तिमा १५ दिनको सूचना प्रकाशित गर्ने।

(ङ) रितपूर्वक आवेदन फारम बुझाएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका आवेदकहरुलाई गोलन्जोर गाउँपालिका शिक्षा नियमावली २०७४ को नियम ५४ र ५५ को व्यवस्था बमोजिम र पूर्व प्राथमिक तहका शिक्षक पदको लागि देहाय बमोजिमको प्रकृया अपनाई परीक्षा संचालन तथा अन्तर्वाता लिइने छ।

(च) शिक्षक छनोटका लागि लिइने परीक्षाको लागि शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयको खुला विज्ञापनबाट शिक्षक नियुक्तिका लागि प्रकाशित गरेको पाठ्यक्रमलाई नै आधार मानिने छ। पूर्व प्राथमिक तहका शिक्षक छनोटको लिखित परीक्षाको लागि प्रारम्भिक बाल विकास दिग्दर्शन(पाठ्यक्रम) २०६२ मा उल्लेखित विषयवस्तुलाई आधार मानी बाल मनोविज्ञान, पूर्व प्राथमिक तहको उद्देश्य र मर्म सुहाउँदो प्रश्न निर्माण गरी परीक्षा लिइने छ। प्रश्नपत्र कुल १०० अंक(विषयगत प्रश्न १० अंकभार बराबरका ६ ओटा र वस्तुगत २ अंकभारका २० ओटा) हुने गरी निर्माण गरिने छ। पूर्व प्राथमिक तहका शिक्षक नियुक्तिका लागि तपशील बमोजिम थप आधार लिइने छ।

१. अन्तर्वार्ता अधिकतम १० अंकको लिइनेछ यस अन्तर्गत न्युनतम ३.५ र अधिकतम ७ अंकको सिमा भित्र रही अन्तर्वार्ताको लागि छनौट भएका उमेद्वारलाई अन्तर्वार्ताकारवाट अंक प्रदान गरिनेछ। सोभन्दा घटि वा बढी अंक प्रदान गर्नुपरेमा अन्तर्वार्ता समितिका बहुमत सदस्यबाट मनासिव कारण उल्लेख भएको हुनुपर्ने छ।

२. स्थानीय वासिन्दालाई ५ अंक प्रदान गरिनेछ।

३. आवेदन दिने दिन सम्ममा सम्बन्धित तहमा कम्तिमा १ बर्ष काम गरिरहेका आवेदकहरुलाई प्रति वर्ष १ अंकका दरले वढीमा १० अंक सम्म अनुभव वापतको अंक प्रदान गरिनेछ। आवेदनको साथमा अनुभव प्रमाणित कागजात पेश नगरेका र १ वर्ष भन्दा कम अवधी काम गरेकालाई यस्तो सुविधा दिइने छैन।

४. प्रारम्भिक वालविकास सम्बन्धी १६ दिने तालिम प्राप्त अवेदकलाई ७ अंक प्रदान गरिने छ।

५. शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ३, द्धितिय श्रेणी भए २, तृतिय श्रेणी भए १ र श्रेणी नखुलेको प्रमाणपत्र भए एकमुष्ठ २ अंक प्रदान गरिने छ।

६. लिखित परीक्षाको उर्तिणाङ्क न्यूनतम ४० अंकलाई मानिनेछ।

७. आवेदकहरुको रोल नं. दर्ता नम्बरको आधारमा कायम गरिनेछ।

८. लिखित परीक्षाको नतिजा सवैभन्दा उच्चतम अंक ल्याउने मध्येवाट आवश्यक संख्याको आधारमा माग संख्याभन्दा उपलब्ध भएसम्म कम्तीमा २ जना बढी हुने गरी न्यूनतम उर्तिणाङ्क प्राप्त उम्मेदवारहरुको नाम नेपाली वार्णानुक्रम अनुसार प्रकाशन गरिनेछ, तर अन्तिम नतिजा भने लिखित,

अर्न्तवार्ता र अन्य मापदण्ड बमोजिम उमेद्वारले प्राप्त गरेका अंक गणना गरी योग्यता क्रमको आधारमा प्रकाशित गरिनेछ। आवश्यक पद संख्याको आधारमा उपलब्ध भएसम्म न्यूनतम १ जना वैकल्पिक उमेद्वारको पनि सिफारिस गरिनेछ।

९. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको एस.एल.सी वा सो सरह उर्तिण स्थानीय विवाहित महिला वालविकास शिक्षक पदको लागि आवेदन दिन योग्य मानिनेछ।

१०. यस कार्यविधि बमोजिम विध्यालय अनुदान वा शिक्षक अनुदान प्राप्त भै नियुक्त हुने तथा प्रोत्साहन अनुदान प्राप्त गर्ने बाल विकास शिक्षकले दैनिक विद्यालय समयभर विद्यालयमा काम गर्नुपर्ने छ।

११. गाउँपालिकाले आवश्यक ठानेमा वा कुनै सामुदायिक विध्यालय संचालनको लागि वार्षिक विद्यालय अनुदान रकम दिन सक्ने छ। सो रकमबाट बिद्यालय व्यवस्थापन समितिको निर्णयमा शिक्षक कर्मचारी भर्ना गरि श्रम कानुन भन्दा माथि रहि उचित पारिश्रमिक दिई काममा लगाउन सक्ने छ।

(छ) छनौट समितिले सफल घोषित उमेद्वारलाई करारमा नियुक्तिको लागि सम्बन्धीत विद्यालयको वि.व्य.स. मा सिफारिस गरी पठाउने छ।

(ज) परीक्षा सुरु हुने दिन विहानै छनौट समितिले गाउँपालिकाको प्रतिनिधिको रोहवरमा गाउँपालिकामा सूचीकृत विज्ञहरु मध्येबाट गोला प्रथाद्धारा आवश्यक संख्यामा विषय विज्ञ छनौट गरिनेछ। विज्ञको छनौट कार्य उक्त दिन परीक्षा संचालन हुने विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुबाट गरिनेछ।

(झ) प्रश्नहरु निर्माण कार्य सम्पन्न हुने वित्तिकै छनौट समितिले तोकेको समय र स्थानमा परीक्षा संचालन गरिनेछ।

(ञ) एकै दिन र एकै समयमा संचालन हुने परीक्षाको लागि एउटै प्रश्नपत्रको प्रयोग गरिनेछ।

उक्त दिन छनौट भएका विज्ञहरुलाई सामुहिक रुपमा प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परिक्षण कार्य पनि गर्न लगाइने छ, तर अन्तर्वाता कार्य भने विद्यालयगत रुपमा संचालन गरी नतिजा प्रकाशित गरिनेछ। छनौट समितिले तोकेको विज्ञले मात्र अन्तर्वातामा अंक प्रदान गर्न पाउनेछन।

(ट) छनौट सम्बन्धी काममा सहयोग पुऱ्याउन थप कर्मचारी आवश्यक देखिएमा उपयुक्त व्यक्तिलाई छनौट समितिले लिई काममा लगाउन सक्नेछ।

(ठ) परीक्षा सम्बन्धी काम सकेसम्म एकै दिन सम्पन्न गर्न प्रयास गरिनेछ। कारणवस समय अभावले परीक्षा सम्बन्धी काम उक्त दिन सम्पन्न हुन नसकेमा परीक्षा सम्बन्धी सम्पूर्ण कागजातहरु सुरक्षाको लागि नजिकैको प्रहरी चौकीमा राख्ने व्यवस्था मिलाइने छ।

(ड) परीक्षाको अनुगमन सुपरीवेक्षण गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतवाट हुनेछ।

(ढ) परीक्षा संचालन सम्बन्धी खर्च सम्बन्धीत विद्यालयले व्यहोर्नु पर्नेछ।

(ण) अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि शिक्षा शाखाले प्रश्नपत्र बैंक निर्माण गरी कम्तीमा ५ सेट प्रश्नपत्र सो बैंकमा रहेको भए सोही प्रश्नपत्र बैंक मध्येबाट प्रश्नपत्र प्रयोग गर्न कुनै बाधा पुगेको मानिने छैन।

**५. पढाइ शिविर सञ्चालन गर्न सक्नेः–**

१. गाउँपालिकाले गाउँ शिक्षा समितिबाट तोकिएका विद्यालयहरुमा प्रति कक्षा १५ भन्दा विद्यार्थी नघट्ने गरी पढाइ शिविर सञ्चालन गर्न सक्नेछ ।

२. पढाइ शिविर राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अवधारणालाई आधार मानी सञ्चालन हुनेछ ।

३. पढाइ शिविर प्रत्येक शनिबार जम्मा ९० मिनेटका दरले सञ्चालन हुनेछ ।

४. पढाइ शिविरको नियमित निरीक्षण अनुगमन सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षकले गर्नेछन् । आवश्यकता अनुसार गाउँपालिका, वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति तथा जनप्रतिनिधिहरुबाट समेत निरीक्षण हुन सक्नेछ ।

५. पढाइ शिविरको नियमित मासिक प्रतिवेदन सहजकर्ताले प्रधानाध्यापक मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

६. पढाइ शिविरका सहजकर्ता नियुक्ति गर्दा एस एल सी वा सो सरह उत्तीर्ण स्थानीय महिला मध्येबाट विद्यालय आफैंले नियुक्त गर्न सक्नेछ । त्यसरी नियुक्ति गरिएको जानकारी तुरुन्त गाउँपालिकालाई दिनुपर्ने छ । नियुक्ति सम्बन्धी अन्य कार्यविधि विद्यालय आफैंले निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन गनुपर्ने छ ।

७. पढाइ शिविरका सहजकर्ताहरुले कुनै पनि शनिवार विदा पाउने छैनन ।

८. पढाइ शिविर सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

६. **सेवा सुविधा सम्बन्धी मापदण्डः-**

१. यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षकले तपशील बमोजिम तलव सुविधा प्राप्त गर्नेछ :-

(क) पढाइ शिविरका सहजकर्ताहरुलेः मासिक रु. २०००। दरले मासकि प्रोत्साहन खर्च र १ महिनाको तलव बराबरको रकम वार्षिक एकमुष्ठ चाडपर्व खर्च

(ख) बाल विकास शिक्षक : मासिक रु.८०००।- दरले मासकि तलव र १ महिनाको तलव बराबरको रकम वार्षिक एकमुष्ठ चाडपर्व खर्च

(ग) प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षक : नेपाल सरकारले तोकेको न्यूनतम मासिक तलव(भत्ता बाहेक) र १ महिनाको तलव बराबरको रकम वार्षिक एकमुष्ठ चाडपर्व खर्च

(घ) यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षक कर्मचारीले सार्वजनिक विदा बाहेक वार्षिक ६ दिन भैपरी आउने विदा र ६ दिन पर्व विदा बाहेक अन्य कुनै पनि विदा पाउँने छैन ।

२. अन्यत्र जुनसकै कुरा उल्लेख भए पनि नेपाल सरकारबाट तलव भत्ता तथा अन्य सुविधा प्राप्त गर्ने गरी नियुक्त शिक्षक तथा कर्मचारीलाई गाउँ सभाबाट स्वीकृत भए बमोजिमको थप प्रोत्साहन सुविधा उपलब्ध गराउन बाधा पुऱ्याएको मानिने छैन ।

७. **विविध :-**

१. यस कार्यविधि बमोजिम नियुक्त हुने तथा थप प्रोत्साहन सुविधा प्राप्त गर्ने शिक्षक कर्मचारीको कामको नियमित अनुगमन विद्यालयको प्रधानाध्यापकले गर्नेछन् । आवश्यकता अनुसार गाउँपालिका तथा सम्बन्धित वडाबाट समेत समय समयमा अनुगमन हुन सक्नेछ । अनुगमनका क्रममा कार्यसम्पादन सन्तोषजनक नदेखिएमा

वा विद्यालय समयको पालना भएको नदेखिएमा वा लागातार ७ दिन भन्दा बढी विना जानकारी विद्यालयमा अनुपस्थित भएको पाइएमा प्रधानाध्यापकको सिफारिसमा निजको करार विद्यालय व्यवस्थापन समितिले भङ्ग गर्न वा थप प्रोत्साहन सुविधा रोक्का वा कटौति गर्न सक्नेछ। सोको जानकारी ७ दिनभित्र शिक्षा शाखामा दिनुपर्ने छ।

२. यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षक कर्मचारीको करार नियुक्ति चालू आर्थिक वर्ष भरिको लागि हुनेछ र अर्को वर्ष रकम विनियोजन भएमा पुनः करार गर्नुपर्ने छ।

३. यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षक कर्मचारीले यस कार्यविधि बमोजिम नियुक्त भई कार्य गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनको लागि दावी गर्न पाउने छैन।

४. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै समस्या परेमा वा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानुनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय लिन सक्नेछ।

## अनुसूचि १

## (करार नियुक्तिको नमूना)

....................विद्यालय

...............................

च.नं.

प.सं. मितिः

श्री..............................

....................................।

### विषयः करार नियुक्ति सम्बन्धमा।

तपाईंलाई गोलन्जोर गाउँपालिकाबाट आर्थिक वर्ष २०७६।०७७ मा विनियोजित शिक्षक व्यवस्थापन अनुदानबाट गोलन्जोर गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा करारमा शिक्षक/कर्मचारी व्यवस्थापन तथा प्रोत्साहन सम्बन्धी कार्यविधि २०७६ बमोजिम तलव भत्ता तथा अन्य सुविधा पाउने गरी शिक्षक छनोट समितिको मिति.......र विद्यालय व्यवस्थापन समितिको मिति .........को निर्णयले ........तह..... विषयको शिक्षक पदमा मिति.........बाट लागू हुने गरी करारमा नियुक्त गरिएको छ। गोलन्जोर गाउँपालिका शिक्षा ऐन तथा नियमावली र अन्य प्रचलित कानुन बमोजिम प्रधानाध्यापकको मातहतमा रही इमानदारीपूर्वक कामकाज गर्नुहुन अनुरोध छ।

.................

वोधार्थः प्रधानाध्यापक

श्री गोलन्जोर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार।

**प्रमाणीकरण मितिः २०७६।०६।१३**

**आज्ञाले,**

**कृष्ण हरि न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**